आज मिति २०७४ साल असार १८ गते आइतबारका दिन यस मकवानपुरगढी गाउँकार्यपालिकाका अध्यक्ष श्री विदुर हुमागाईको अध्यक्षतामा बैठक बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति

1. श्री विदुर हुमागाई (अध्यक्ष)
2. श्री हर्कमाया रुम्बा (उपाध्यक्ष)
3. श्री आइत सिं लो (वडाअध्यक्ष वडा नं. १) सदस्य
4. श्री बरखान सिंह पाख्रिन (वडा अध्यक्ष वडा नं. २) ॥
5. श्री भागवत घिमिरे (वडा अध्यक्ष वडा नं. ३) ॥
6. श्री राम प्रसाद तिमल्सिना (वडा अध्यक्ष वडा नं. ४) ॥
7. श्री जित बहादुर घिमिरे (वडा अध्यक्ष वडा नं. ५) ॥
8. श्री टिका प्रसाद दहाल (वडाअध्यक्ष वडा नं. ६) ॥
9. श्री सूर्यबहादुर रुम्बा (वडा अध्यक्ष वडा नं. ७) ॥
10. श्री कुमार लि घिसिङ (वडा अध्यक्ष वडा नं. ८) ॥
11. श्री चिनीमाया लुङवा ॥
12. श्री निर्मला विश्वकर्मा ॥
13. श्री मञ्जु योञ्जन ॥
14. श्री बुद्धिमाया योञ्जन ॥
15. श्री पातलीमाया गोले ॥
16. श्री सुरेन्द्र सुनार ॥
17. श्री मिनराज कोइराला (कार्यकारी अधिकृत)

प्रस्ताव हरु

1. जग्गाको न्यूनतम मूल्यांकन

निर्णय

1. प्रस्ताव नं. १ माथि छलफल गर्दा मालपोत कार्यालयमा दर्ता कायम रहेका यस मकवानपुरगढी गाउँपालिका ~~अन्तर्गत~~ भित्र रहेका जग्गाको न्यूनतम मूल्यांकन गत आ.व.मा

आगामी आ.व. २०७४/०७५ का लागि ३०% (तीस प्रतिशत) बढाएर जग्गाको न्यूनतम मूल्यांकन रकम कायम गर्ने मालपोत कार्यालय मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो।

Scanned with CamScanner

आज मिति २०७४ साल असार १८ गते यस मकवानपुर गढी गाउँ पालिकाको आन्तरिक ऐन, नियम निर्देशिका एवं आचारसंहिता बनाउने सम्बन्धी बैठक यस मकवानपुर गढी गाउँ पालिकाको अध्यक्ष श्री विदुर हुमागाईं ज्यू को अध्यक्षतामा बस्दा तपसिल बमोजिमको उपस्थिति गरियो।

उपस्थिति :-

1. अध्यक्ष श्री विदुर हुमागाईं
2. उपाध्यक्ष श्री हर्कमायाँ रुम्बा
3. सदस्य श्री आइत सीं लो
4. सदस्य श्री बखान सीं पाखिन
5. सदस्य श्री भागवत घिमिरे
6. सदस्य श्री राम प्र. तिमल्सिना
7. सदस्य श्री जीत बहादुर घिमिरे
8. सदस्य श्री टीका प्रसाद दहाल
9. सदस्य श्री सूर्य ब० रुम्बा
10. सदस्य श्री कुमार सिं थिङ
11. सदस्य श्री चिनीमायाँ लुङ्वा
12. सदस्य श्री मञ्जु थोक्जान
13. सदस्य श्री निर्मला विश्वकर्मा
14. सदस्य श्री बुद्धीमायाँ थोक्जान

Scanned with CamScanner

१५. सदस्य पातली माया गौले

१६. सदस्य सुरेन्द्र सुनार

१७. कार्यकारी अधिकृत श्री भिमराज कोइराला

१८. बैठक व्यवस्थापन तथा माइन्यूट लेखन ना. सु युवराज पौड्याल

प्रस्तावहरु :-

१. गाउँपालिकाको लागि आवश्यक ऐन, नियम, आचार संहिता तथा कार्यविधि सम्बन्धमा-

२. गाउँपालिकाको क्रियाशिलताको लागि आवश्यक मुख्य समितिहरु गठन सम्बन्धमा-

३. न्यायिक समिति, ~~तथा~~ पदाधिकारीको आचारसंहिता अनुगमन समिति तथा मोरबाटो एकिन तथा मापदण्ड निर्धारण समिति गठन सम्बन्धमा-

४. गाउँपालिकाको स्रोत अनुमान तथा बजेट तर्जुमा सम्बन्धमा-

५. गाउँपालिकाक्षेत्र भित्र रहेका जिर्ण विद्युत पोल तथा अव्यवस्थित विद्युतिय प्रणाली सम्बन्धमा-

६. जग्गाको न्यूनतम मूल्याङ्कन सम्बन्धमा-

७. घर भाडाको लिज सम्बन्धमा-

निर्णयहरु :-

निर्णय नं. १ प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकालाई आन्तरिक प्रशासन सञ्चालन गर्नको लागि निम्न ६ किसिमका ऐन, नियम, तथा दिग्दर्षनको आवस्यकता पर्ने भएकोले त्यसको प्रायरूप तयार गरी तत्काल लागु गर्न बान्छनीय भएकोले गाउँ व्यवस्थापिकाबाट अनुमोदनको लागि आगामी व्यवस्थापिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) गाउँपालिका पदाधिकारीहरूको आचार संहिता, २०७४

ख) मकवानपुरगढी गाउँपालिकाको आर्थिक ऐन, २०७४

ग) मकवानपुरगढी गाउँपालिकाको वैठक संचालन सम्वन्धि कार्यविधी, २०७४

घ) मकवानपुरगढी गाउँपालिका (कार्य विभाजन) नियमावली, २०७४

ङ) स्थानीय तहको विनियोजन ऐन, २०७४

च) मकवानपुरगढी गाउँपालिका कार्य सम्पादन नियमावली, २०७४

निर्णय नं. २) प्रशताव नं. २ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको कामकार्वाहीको शिलशिलामा विभिन्न क्षेत्रगत तथा विषयगत जिम्मेवारी बाँडफाँड गर्न आवस्यक रहने भएकोले त्यसको लागि निम्न मुख्य समितिहरू गठन गरी अनुमोदनको लागि गाउँ व्यवस्थापिकाको बैठकमा पेश गर्ने निर्णय सर्व सम्मतबाट पारित गरियो ।

समितिको नाम तथा पदिय जिम्मेवारी :

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति :

| शि.नं. | नाम, थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | श्री सुरेन्द्र सुनार | संयोजक | |
| २ | श्री पातली मायाँ गोले | सदस्य | |
| ३ | श्री चिनी मायाँ लुङ्वा | सदस्य | |

ख) सामाजिक विकास समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | श्री जित बहादुर घिमिरे | संयोजक | |
| २ | श्री आइत सिं लो | सदस्य | |
| ३ | श्री निर्मला गजमेर | सदस्य | |

ग) पुर्वाधार विकास समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | श्री टिका प्रसाद दहाल | संयोजक | |
| २ | श्री कुमार सिं घिसिङ | सदस्य | |
| ३ | श्री भागवत घिमिरे | सदस्य | |

घ) विधायन समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | श्री मञ्जु योन्जन | संयोजक | |
| २ | श्री बुद्धी मायाँ योन्जन | सदस्य | |
| ३ | श्री चिनी मायाँ लुङ्वा | सदस्य | |

ङ) आर्थिक विकास समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | श्री बखान सिं पाखिन | संयोजक | |
| २ | श्री आइत सिं लो | सदस्य | |
| ३ | श्री भागवत घिमिरे | सदस्य | |

Scanned with CamScanner

च) वातावरण तथा विपद व्यवस्थापन समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | श्री सूर्य बहादुर रूम्बा | संयोजक | |
| २ | श्री राम प्रसाद तिमल्सिना | सदस्य | |
| ३ | श्री कुमार सिं घिसिङ | सदस्य | |

निर्णय नं. ३ प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा नेपाल सरकारको स्थानिय तह सन्चालन सम्बन्धी कार्यादेशमा व्यवस्था भए बमोजिम निम्न समितिहरू गठन गर्न आवस्यक भएकोले यस मकवानपुरगढी गाउँपालिकाका उपाध्यक्ष श्री हर्कमायां रूम्वाको संयोजकत्वमा निम्न सदस्य रहेको "न्यायिक समिति" र श्री राम प्रसाद तिमल्सिनाको संयोजकत्वमा निम्न सदस्य रहेको "पदाधिकारीको आचार संहिता अनुगमन समिति" तथा भागवत घिमिरेको संयोजकत्वमा "मोटरबाटो एकिन तथा मापदण्ड निर्धारण समिति" गठन गरी अनुमोदनको लागि आगामी गाउँ सभामा पेश गर्ने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

१) न्यायिक समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | श्री हर्कमायाँ रूम्वा | संयोजक | |
| २ | श्री सन्तु थिङ | सदस्य | |
| ३ | श्री सुवात थिङ | सदस्य | |

२) पदाधिकारीको आचार संहिता अनुगमन समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | राम प्रसाद तिमल्सिना | संयोजक | |
| २ | निर्मला गजमेर | सदस्य | |
| ३ | प्रतिमान रूम्वा | सदस्य | |

३) मोटरबाटो एकिन तथा मापदण्ड निर्धारण समिति समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | श्री भागवत घिमिरे | संयोजक | |
| २ | श्री बखान सिं पाख्रिन | सदस्य | |
| ३ | श्री जित बहादुर घिमिरे | सदस्य | |
| ४ | श्री प्रतिमान रूम्वा | सदस्य | |
| ५ | श्री सुकराम थिङ | सदस्य | |

Scanned with CamScanner

निर्णय नं. ४) प्रश्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको श्रोत अनुमान तथा बजेट तर्जुमा गर्न निम्न समितिको आवश्यकता रहने महसुस भएकोले तपशिलका समितिहरू निर्माण गरी ति समितिको जिम्मेवारी बाँडफाँड तपशिल अनुसार गर्ने सर्व सम्मत निर्णय पारित गरियो ।

१) श्रोत अनुमान समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | श्री विदुर हुमागाई | संयोजक | |
| २ | श्री हर्कमायाँ रूम्वा | सदस्य | |
| ३ | श्री बखान सिं पाखिन | सदस्य | |
| ४ | श्री निर्मला गजमेर | सदस्य | |
| ५ | श्री मिनराज कोइराला | सदस्य सचिव | |

२) बजेट तर्जुमा समिति :

| शि.नं. | नाम थर | पदीय जिम्मेवारी | सम्पर्क मो.नं. |
|---|---|---|---|
| १ | हर्कमायाँ रूम्वा | संयोजक | |
| २ | बखान सिं पाखिन | सदस्य | |
| ३ | जित बहादुर घिमिरे | सदस्य | |
| ४ | भागवत घिमिरे | सदस्य | |
| ५ | टिका प्रसाद दहाल | सदस्य | |
| ६ | मञ्जु योन्जन | सदस्य | |
| ७ | सुरेन्द्र सुनार | सदस्य | |
| ८ | सूर्य बहादुर रूम्वा | सदस्य | |
| ९ | मिनराज कोइराला | सदस्य सचिव | |

निर्णय नं. ५ प्रश्ताव नं. ५ को सम्वन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको वडा नं. १ देखि ८ सम्मका विद्युत पुगेका गाउँ टोलहरूमा रहेका काठका पोलहरू जिर्ण भई लडेर भाँचिएर पटक पटक मानवीय तथा भौतिक क्षती भईरहेको र आगामी दिनमा त झनै ठुला समस्याहरू शिर्जना हुने र नसोचेका ठुल ठुला जनधनको क्षतीका घट्ना घट्न सक्ने भएकोले यसको स्थाई सामाधानका लागि नेपाल विध्युत

Scanned with CamScanner

प्राधिकरणका सबै निकाय तथा सम्बन्धित मन्त्रालयलाई कम्तिमा ५०० थान सिमेन्ट पोल र ४०० वटा ट्यूवलर पोल स्थापना गर्न लाग्ने खर्च तथा मर्मत सम्भार गर्न लाग्ने खर्च उपलब्ध गराउन माग गर्ने निर्णय सर्व समहत निर्णय गरियो ।

**निर्णय न. ६)** प्रस्ताव न. ६ को सम्बन्धमा छलफल गर्दा मालपोत कार्यालयमा दर्ता कायम रहेको यस मकवानपुरगढी गाउँपालिका भित्र रहेका जग्गाको न्यूनतम मूल्यांकन चालु आ.व.२०७३।०७४ मा चलेको भन्दा आगामी आ.व. २०७४।०७५ को लागि ३०% बढाएर जग्गाको न्यूनतम मूल्याकन कायम गर्न मालपोत कार्यालय मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. ७)** प्रस्ताव नं ७ को सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका स्थापना भए पश्चात गाउँपालिका भवन संचालनको लागि प्रयाप्त कोठा नभएको,गाउँपालिकाको आफ्नै भवन नभएको,विभिन्न वडा कार्यालयहरु संचालन गर्नको लागि आफ्नै भवन नभएको सन्दर्भमा देहाय बमोजिमको वडा कार्यालय संचालनको लागि सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९४ को उपदफा (१) मा भएको व्यवस्था अनुसार प्रकाशित ७ दिने सूचना अनुसार सोही दफाको उपदफा (११) बमोजिम सोझै वार्ताद्वारा देहायको वडाहरुमा देहायको भाडा लिने गरि प्रस्ताव प्राप्त हुन आएको हुँदा, सो भाडा रकम स्वकिृत गरि २०७४ श्रावण १ गते देखि लागू गरि भाडामा लिने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | प्रस्तावक घर धनी को नाम | ठेगाना | कोठा संख्या | मासिक भाडा रकम | प्रयोजन |
|---|---|---|---|---|---|
| १ | सुकलाल घलान | वडा नं १ | २ वटा | २२५०।-(कर सहित) | वडा न. १ को वाडा कार्यालय संचालन |
| २ | उमेश अधिकारी | वडा ३ | ४ वटा | २५००।-(कर सहित) | गाउँपालिका कार्यालय संचालन |
| ३ | ठूलिमाया थिङ | वडा नं २ | २ वटा | २७७५।-(कर सहित) | वडा न. २ को वडा कार्यालय संचालन |
| ४ | भुमिनन्द चौलागाई | वडा न. ३ | २ वटा | २५००।-(कर सहित) | वडा नं ३ को वडा कार्यालय संचालन |
| ५ | इश्वर श्रेष्ठ | वडा न. ४ | २ वटा | २०००।-(कर सहित( | ४ नं वडा कार्यालय संचालनको लागि |
| ६. | विष्णु खतिवडा | वडा न. ६ | कोठा संख्या २ | १७५०।-(कर सहित) | वडा न. ६ को वाडा कार्यालय संचालन |

मकवानपुरगढी गाउँ कार्यपालिका ... मकवानपुर, ३ नं. प्रदेश, नेपाल

Scanned with CamScanner